अन्तर्गत स्थापित

# नेपाल फार्मेसी परिषद
# Nepal Pharmacy Council (NPC)

: 143/073-03-19

२०७३ असार १५ गते

श्री अध्यक्ष/प्रबन्ध निर्देशक/संचालक/प्राचार्यज्यू

सबै फार्मेसी कलेज/ फार्मेसी सिक्षण संस्था (BPharm & Diploma in Pharmacy)

**बिषय: विशेष परिपत्र**

गुणस्तरीय शिक्षाको सुनिस्चितता गर्ने कार्यमा मुलत: पठनपाठन गराउने संस्थाकै महत्वपुर्ण भूमिका रहन्छ । नेपालमा फार्मेसी जनशक्तिको गुणस्तरको सुनिस्चितताको लागी नेपाल फार्मेसी परिषद ऐन तथा नियमावली अन्तर्गत यस परिषदले फार्मेसी कार्यक्रम संचालनको लागि कार्यक्रम संचालन गर्न पुरा गर्नु पर्ने न्युनतम मापदण्ड तोक्नुका साथै समय समयमा निर्देशन एबम निर्देशिकाहरु जारी गरेको त्यस संस्थालाई बिदितै छ । हाल संचालनमा रहेका कतिपय फार्मेसी कलेज/ फार्मेसी शिक्षण संस्थाले यस परिषदको निर्देशन को बर्खिलाप तोकिएको शैक्षिक जनशक्तिको ब्यबस्था नगरेको, पूर्ण कालिन नभएका शिक्षकलाई पूर्णकालीन भनि उल्लेख गर्ने गरेको, तोकिएका पुर्बाधार पुरा नगरेको, भएका औजार उपकरण चालु हालतमा नभएको, पाठ्यक्रमले मागे बमोजिमको प्रयोगात्मक कक्षा गराउने नगरेको, गराएको प्रयोगात्मक कक्षा सम्बन्धि रेकर्ड ब्यबस्थित रुपमा राख्ने नगरेको लगायतका कैफियत परिषद्को औपचारिक/अनौपचारिक निरिक्षण र अन्य श्रोत मार्फत परिषद्लाई सूचना प्राप्त भैरहेको सन्धर्भमा यस परिषद्को गम्भीर ध्यानाकर्षण भएको छ ।

यस बर्षको भर्ना प्रक्रिया सुरुहुने लागेकोले डिप्लोमा र डिग्री प्रदान गर्ने सबै संस्थाहरुलाई यस परिषदले गत वर्ष जारी गरेको निर्देशन नं १ तथा अन्य मापदण्ड कहिँ कतै पालना भएको छैन भने **यही २०७३ असारमसान्त भित्र** कमि कमजोरीमा सुधार गर्न समयदिने गरि परिषदले निर्णय गरेको व्यहोरा जानकारी गराउन चाहन्छु । माथि उल्लेखित समय सिमाभित्र, विशेषगरि तोकिएबमोजिमको जनशक्ति र प्रयोगशालाको भौतिक पूर्वाधार पुरा नभएको भन्ने निरिक्षण वा अन्य कुनै तवरबाट प्रमाणित भएमा त्यस्ता शैक्षिक संस्थाहरुको सम्बन्धमा फार्मेसी अध्यापन गराउन चाहने अभिभाबक तथा बिध्यार्थीहरुलाई सुचित गराउनु परिषदको कर्तब्य हुन आउछ । जसले गर्दा सम्बन्धित संस्थाको छविमा समेत् गम्भीर असर पर्ने सम्भावना रहन्छ ।

तोकिएबमोजिमको जनशक्ति र प्रयोगशालाको भौतिक पूर्वाधार एबम अन्य अत्याबश्यक बिषयमा तोकिएको समय सीमाभित्र पुरा गर्नु हुन विशेष अनुरोध छ । कुनै कुरा पुरा गर्नु तत्कालकोलागी काबु बाहिरको परिस्थिति भई तोकिएको समय सीमाभित्र पुरा गर्न नसक्ने अवस्था भएमा सोको प्रमाण सहित समयमै परिषद्लाई अधिकारिक रुपमा जानकारी गराउनु हुन समेत् अनुरोध छ ।

नेपाल फर्मेसी परिषद ऐन, २०५७ अन्तर्गत स्थापित

# नेपाल फार्मेसी परिषद
# Nepal Pharmacy Council (NPC)

. No.:

Date: .............................

यस परिपत्रको बाबजुद कुनै संस्थाले तोकिएबमोजिमको जनशक्ति र प्रयोगशालाको भौतिक पूर्वाधार सन्तोषजनक नपाईएमा त्यस्ता संस्थाहरुको कैफिअत सहित नाम सार्बजनिक गरि सम्बन्धित बिश्वबिध्यालय/CTEVT लाई यस बर्ष भर्नाको अनुमति नदिन अनुरोध गर्नु परिषदको बाध्यता हुनेछ । परिषदको निर्देशनको बर्खिलाप कुनै संस्थाले बिध्यार्थी भर्ना गरे गराएमा यस परिषद बाट मान्यता नहुने व्यहोरा समेत् यसै पत्र मार्फत अनुरोध गरिन्छ ।

यसैबिच कतिपय संस्थाहरुले परिषद्को परिपत्रको बाबजुद accreditation अवधि समाप्त भएका संस्थाहरुले accreditation शुल्क समेत् दाखिल गरेको नदेखिएकोले सो समेत् यथासिघ्र दाखिला गरि accreditation गराउनु हुन समेत् अनुरोध छ ।

बाबुराम हुमागाईं
अध्यक्ष

**बोधार्थ :**

श्री चिकित्शा शास्त्र अध्ययन संस्थान, त्रिभुबन बिश्वबिध्यालय

श्री स्कूल अफ हेल्थ एंड अलाईड साइन्सेज, पोखरा बिश्वबिध्यालय

श्री स्कूल अफ साइन्स, काठमाडौं बिश्वबिध्यालय

श्री कलेज अफ मेडिकल एंड अलाइड सईन्सेस, पुर्वान्चल बिश्वबिध्यालय

श्री प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद